नेशनल हाईड्रो पावर कम्पनि लि.

काठमाडौं १०, बिनायकनगर, बानेश्वर

१६, १७, १८ र १९औं वार्षिक साधारणसभा बस्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७३/०८/०२

यस नेशनल हाइड्रो पावर कम्पनी लिमिटेडको मिति २०७३/०८/०१ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको १६, १७, १८ र १९औं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्नका लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरूको जानकारी एवंम् उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०७३ साल मंसिर २६ गते आइतबार (डिसेम्बर ११, २०१६)

स्थान : नक्साल बैंकेट, नारायणचौर, काठमाडौं

समय : बिहान ११:०० बजे ।

छलफलका विषयहरू

क. सामान्य प्रस्तावहरू :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०६९/०७०, २०७०/०७१ र २०७१/०७२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. १४ र १५औं को वार्षिक साधारणसभाबाट पारित नभएका आर्थिक वर्ष २०६६/०६७ र २०६७/०६८ को लेखापरिक्षक प्रतिवेदनमा सभाको निर्देशन बमोजिम वित्तिय पुनरावलोकन सहितको लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०६६/०६७ र २०६७/०६८ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणसँग सम्बन्धित अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।

३. लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०६८/०६९, २०६९/०७० र २०७०/०७१, २०७१/०७२ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरणसँग सम्बन्धित अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।

४. आ.व. २०७२/०७३ को लागि लेखापरिक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. विविध ।

ख. विशेष प्रस्ताव :

१. यस नेशनल हाइड्रो पावर कम्पनी लि.लाई अन्य उपयुक्त हाइड्रो पावर कम्पनीसँग मर्ज गर्ने वा अन्य हाइड्रो कम्पनीलाई Acquisition मा लिने वा अन्य हाइड्रो पावर कम्पनीले Acquire मा जाने सम्बन्धी आवश्यक निर्णय गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

२. आर्थिक वर्ष २०६८/०६९ मा देखिएको आर्थिक कारोबार सम्बन्धमा ।

क) उपहार, दान, प्रभावित गा.वि.स.हरूमा र बील बिजक तथा भरपाई नभएका शीर्षकहरूमा भएको खर्चहरूलाई (Gift & Donations, Hospitality Expenses, Effected VDC, Supporting not Available) कम्पनी ऐन २०६३ को दफा १०५ को व्यवस्था अनुसार छलफल गर्ने ।

ख) अपलेखन गर्न बाँकी रहेको खर्चहरूलाई (Differed Revenue Expenditure) छलफल गर्ने ।

सञ्चालक समितिको आज्ञाले

कम्पनी सचिव

वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरू

१. वार्षिक साधारणसभामा उपस्थित हुने शेयरधनीहरूले अनिवार्य रुपमा वार्षिक प्रतिवेदन पुस्तिकामा संलग्न भएको प्रवेशपत्र वा आफ्नो शेयर प्रमाणपत्र वा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको कुनै प्रमाणपत्र साथमा लिई सभामा भाग लिन हुन अनुरोध छ ।

२. शेयरधनीहरूको दस्तखतको लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:३० बजेबाट खुल्ला गरिने छ ।

३. वार्षिक साधारणसभा प्रयोजनका लागि २०७३ साल मंसिर ९ गते देखि मंसिर २६ गते सम्म शेयरको दर्ता किताब बन्द रहने छ । २०७३ साल मंसिर ९ गतेको अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई ७ कार्य दिन (मंसिर १६ गते) भित्र दाखिल खारेजका लागि प्राप्त शेयरहरूबाट कायम रहेका शेयरधनीहरू सभामा भाग लिनका लागि योग्य हुने छन् ।

४. वार्षिक साधारणसभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गर्नु पर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधि पत्र स्वतः बदर हुनेछ ।

५. एक भन्दा बढि व्यक्तिहरूको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

६. कुनै शेयरधनी महानुभावहरूले छलफलका विषयहरू मध्ये विविध शीर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ । तर त्यस्तो प्रस्ताव साधारणसभामा छलफल वा बहसको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहित हुनेछ ।

७. वार्षिक साधारणसभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको कार्यालय का.जि.का.म.न.पा. वडा नं. १०, बिनायक नगर, बानेश्वरमा सम्पर्क राख्न अनुरोध गरिन्छ । थप जानकारीको लागि कम्पनीको वेब साइट www.nhpc.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।

आर्थिक 2073-08-02 बिहीबार.